E-mail:- dgao.rupandehi@ag.gov.np
फोन नं. ०७१-५२०२४४, ५२४१८९ र ५२२६२०

# जिल्ला सरकारी वकील कार्यालय

सिद्धार्थनगर, रुपन्देही

## नमुना सरकारी वकील कार्यालयबाट सम्पादन हुने कामहरुको विवरण

१. नमुना सरकारी वकील कार्यालयहरुको कार्य चापको आधारमा उपयुक्त स्रोत साधन र भौतिक व्यवस्था गरिने छ।

२. नमुना सरकारी वकील कार्यलयहरुमा दरबन्दी रिक्त रहन दिइने छैन। कुनै कारणबाट रिक्त हुन आएमा समयमा नै जनशक्तिहरुको प्राथमिकतापूर्वक पदपूर्ति गरिनेछ।

३. नमुना सरकारी वकील कार्यालयहरुमा मुद्दा व्यवस्थापन पद्दति (Case Management System) लगायतका सफ्टवेयरहरुलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ। सरकारी वकील कार्यालयका कामकारवाहीलाई सूचना प्रणालीमा आवद्द गरिनेछ।

४. नमुना सरकारी वकील कार्यालयहरुमा पीडित मैत्री कक्षलाई व्यवस्थित गरी आधारभूत सुविधा सम्पन्न बनाइनेछ र पीडितले उक्त सुविधा प्राप्त गर्ने सुनिश्चितता कायम गर्दै सो को निर्धारित ढाँचामा अभिलेखीकरण गरिनेछ।

५. सरकारी गवाहहरुको बकपत्र गराउन साक्षी परामर्श कक्षको व्यवस्था गरी बकपत्रपूर्व परामर्शको कार्यलाई विशेष प्राथमिकता दिई कार्यान्वयन गरिनेछ।

६. नमुना सरकारी वकील कार्यालयहरुमा न्यूनतम सुविधासहितको थुनुवा कक्ष, बयान कक्ष र थुनुवा भेटघाट कक्ष बनाई सो सुविधा थुनुवा र थुनुवाका आफन्तहरुलाई उपलब्ध गराइनेछ र सोको अभिलेखीकरण गरिनेछ।

७. नमुना सरकारी वकील कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई स्वच्छ पिउने पानी र प्रतिक्षा कक्षको व्यवस्था गरिनेछ र सेवा वितरणलाई चुस्त, दुरुस्त र पारदर्शी बनाइनेछ।

८. अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन र समन्वय विकास गर्न अनुसन्धानकर्ता र सरकारी वकीलबीच मासिक सम्वाद कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ र यसको अभिलेख राखिनेछ।

९. अपराध अनुसन्धानको क्रममा अनुसन्धानकर्तालाई दिइने निर्देशनलाई थप व्यवस्थित एवंम् नियमित तुल्याइनेछ। दिइएका निर्देशनहरुको अभिलेख राखिनेछ।

१०. सरकारवादी फौजदारी मुद्दाका साक्षी गवाहहरुको नाम, सम्पर्क नं., इमेल लगायतका विवरण अध्यावधिक गरिनेछ। अदालतमा बकपत्र हुने दिनको सूचना टेलिफोन, इमेल वा अन्य विधिबाट गराइनेछ।

११. पीडित तथा साक्षीहरुको अभिलेख अध्यावधिक गर्ने, निजहरुको सम्पर्कलाई नियमित गर्ने, साक्षीहरुले कानुनबमोजिम पाउने सुविधाको विवरणलाई थप व्यवस्थित र पारदर्शी बनाइनेछ।

१२. अदालत तथा मुद्दा हेर्ने अधिकारीसमक्ष हुने मुद्दाको सुनवाई सरकारी वकीलबाट सामान्यतः स्थगित गरिने छैन।

१३. पुनरावेदन गर्ने वा नगर्ने कार्यलाई कानुनमा तोकिएको समयावधिभित्रै विशेष प्राथमिकताको साथ सम्पन्न गरिनेछ। पुनरावेदनको म्याद अदालतबाट बुझाउन ल्याएको दिन बुझिनेछ।

१४. फैसला कार्यान्वयनमा पीडितलाई सहयोग गर्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ। फैसला अन्तिम भएको जानकारी आएपछि पीडितलाई उपयुक्त माध्यमबाट सोको सूचना दिइनेछ। पीडितको तर्फबाट आवश्यकताअनुसार अदालतमा प्रतिनिधित्व समेत गरिनेछ।

१५. नमुना सरकारी वकील कार्यालयमा महिला तथा बालबालिका सेल स्थापना गरी कार्य सञ्चालन गरिनेछ। सो कार्यमा सेवाग्राही सहायता डेक्स रहनेछ। त्यस्ता कार्यालयहरुको कम्तीमा त्रैमासिक अनुगमन गरिनेछ।